नेपाल सरकार
# जिल्ला समन्वय समितिको कार्यालय, डोटी
कार्यालय कोड: ३६५००७१०१
**Office of the District Co-Ordination Committee,Doti**

☎०९४-४२०२४५
०९४-४२०१५६
०९४-४२०१३८
०९४-४२०२४२
ई-मेलddcdoti094@gmail.com

प.सं.०८१/८२ च.नं ९२८ मिति:२०८१/१०/०२

**विषयः स्थानीय तहका मूल्याङ्कन एवं स्वमूल्याङ्कन प्रणाली (LISA, FRA, LED) को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।**

श्री गाउँ/नगरपलिका,
गाउँ/नगर कार्यपालिकाको कार्यालय डोटी (सबै)

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषयक्षेत्र, कार्यविधि र उपलब्धीका बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रयोजनका लागि विभिन्न मूल्याङ्कन एवं स्वमूल्याङ्कन प्रणालीहरु कार्यान्वयनमा रहेका छन् । सो सम्बन्धमा मूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी आ-आफ्नो Website र सूचनापाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । उपरोक्त व्यवस्था कार्यान्वयनको चरणमा हालसम्म केही स्थानीय तहबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा सार्वजनिक भईसके पनि केही स्थानीय तहबाट सार्वजनिक हुन बाँकि रहेको देखिएको छ । हाल सो नतिजा सार्वजनिक गर्ने प्रणालीहरुमा प्राविधिक समस्या देखिएको हुनाले उक्त प्रणाली मिति २०८१/१०/२९ रातको १२:०० बजे पछि मात्र बन्द हुने गरी आवश्यक व्यवस्था गरिएको व्यहोरा जानकारी गराईन्छ । तसर्थ, नतिजा सार्वजनिक गर्न बाँकी रहेका स्थानीय तहले सो समयभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा सार्वजनिक गरी सुशासन कायम गर्ने कार्यलाई प्राथमिकता दिनुहुन यस मन्त्रालयको मिति २०८१/०९/२८ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ भनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(स्थानीय तह समन्वय शाखा)को च.नं.२४२ मिति २०८१/०९/२८ गतेको पत्र मार्फत लेखि आएकाले सोही व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०८१/१०/०२
..............
(पुष्पराज भट्ट)
नि.जिल्ला समन्वय अधिकारी